# सर्वोच्च अदालत

(वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समितिको सचिवालय)

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np


पत्र संख्या : ०८०।०८१
प्राप्त पत्र संख्या र मिति :
च.नं. १

मिति:- २०८०।१०।११

**विषयः- वरिष्ठ अधिवक्ताको उपाधिका लागि विवरण पेश गर्ने सम्बन्धी सूचना ।**

सर्वोच्च अदालत नियमावली, २०७६ को नियम ११०क. बमोजिम यस अदालतमा गठित **वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समितिको** मिति २०८०।१०।०८ को बैठकको निर्णयानुसार **वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६** बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न योग्यता पुगेका तथा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २१ मा तोकिएअनुसार कम्तीमा १५ (पन्ध्र) वर्ष अधिवक्ताको रूपमा निरन्तर कानून व्यवसाय गरेका अधिवक्ताहरू (अधिवक्ताको प्रमाण पत्र प्राप्त गरी २०८० साल पुस मसान्तसम्ममा १५ वर्ष पूरा भएका) मध्येबाट योग्य उम्मेदवारहरूको नामावली सिफारिश गर्ने प्रयोजनका लागि उक्त मापदण्ड बमोजिमको योग्यता तथा शर्तहरू पूरा गरेका अधिवक्ताहरूबाट आफ्नो योग्यता तथा शर्तहरू पूरा भएको व्यहोरा प्रमाणित गर्ने प्रमाण कागजातहरू संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र नेपाल बार एशोसियसन वा सर्वोच्च अदालत बार एशोसियसन मार्फत् यस समितिको सचिवालयमा प्राप्त हुने गरी वा सोझै यस समितिको सचिवालयमा विवरण पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

विवरण पेश गर्ने फाराम सर्वोच्च अदालतको वेबसाइट (www.supremecourt.gov.np) बाट डाउनलोड गर्न सकिनेछ। उक्त फाराम रीतपूर्वक भरी सम्बन्धित प्रमाण कागजातहरू संलग्न गरी साथै दाखिल गर्नुपर्नेछ। फाराम नेपाल बार एशोसियसन वा सर्वोच्च अदालत बार एशोसियसन मार्फत् वा सोझै सर्वोच्च अदालतमा रहेको यस समितिको सचिवालयमा आइपुग्ने गरी तोकिएको म्यादभित्रै बुझाउनु पर्नेछ। तोकिएको म्यादभित्र सङ्कलन भएका विवरण फारामहरू उक्त म्याद सकिएको ३(तीन) दिनभित्रमा उपरोक्त बार एशोसियसनबाट यस समितिको सचिवालयमा उपलब्ध हुनुपर्नेछ। विवरण पेश गर्ने फारामको ढाँचा यसैसाथ संलग्न गरिएको छ।

# सर्वोच्च अदालत

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।


रामशाहपथ, काठमाडौं
☎ :४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np


पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

यो सूचना र संलग्न फाराममा उल्लेख नभएका कुराहरूका हकमा **वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६** बमोजिम हुने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस अघि मिति २०७७।०६।०६ मा प्रकाशित सूचनाको आधारमा वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६ बमोजिमको योग्यता तथा शर्तहरु पूरा भएको व्यहोरा प्रमाणित गर्ने प्रमाण कागजातहरु समेतका विवरण उल्लेख गरी फाराम पेश गरिसकेका अधिवक्ताहरुले पुनः फाराम भरी पेश गर्नू पर्ने छैन तर निजले नियमित रुपमा अधिवक्ताको प्रमाणपत्र अद्यावधिक गराएको प्रमाण पेश गर्नूपर्ने छ। साथै, अपुग भएका प्रमाण कागजात तथा विवरणहरु पेश गर्नू पर्ने भएमा यस सचिवालयमा सम्पर्क गरी पेश गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ।

यो सूचना र संलग्न फाराम भर्ने सम्बन्धमा केही अस्पष्टता वा जिज्ञासा भए निम्नानुसारको ठेगानामा इ-मेल गरी वा यस सचिवालयका निम्नानुसारका अधिकृतसँग कार्यालय समयमा इमेल तथा टेलिफोन सम्पर्क गरी बुझ्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>सम्पर्क व्यक्तिः</u>

शाखा अधिकृत श्री ऋतिका शर्मा - टेलिफोन: ०१४२००७३९ / ०१४२००७५३

इमेल ठेगानाः sarc@supremecourt.gov.np

...........................
( देवेन्द्रराज ढकाल )
मुख्य रजिस्ट्रार/सदस्य-सचिव
वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति

| | |
|---|---|
| फाराम संकलन गर्ने निकाय | |
| फाराम दर्ता नं. | |
| दर्ता मिति | |

| |
|---|
| विवरण पेश गर्नेको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |

**श्री सर्वोच्च अदालत वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति समक्ष पेश गरेको विवरण।**

सर्वोच्च अदालतमा गठित यस समितिद्वारा मिति २०८०।१०।०८।२ को निर्णयबमोजिम आह्वान गरिएको सूचनानुसार सर्वोच्च अदालतबाट प्रकाशित **वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड,** २०७६ बमोजिम वरिष्ठ अधिवक्ताको उपाधिका लागि म तोकिएको योग्यता पुगेको अधिवक्ता भएको हुँदा निम्नलिखित विवरण तथा सोलाई प्रमाणित गर्ने कागजातसहित यो विवरण पेश गरेको छु।

| | | |
|---|---|---|
| **विवरण प्रस्तुतकर्ताको नाम, थर** | (नेपालीमा) | |
| | (अंग्रेजीमा) | |
| **ठेगाना** | (**स्थायी**: जिल्ला, पालिका, वडा नं., टोल, घर नं., मार्ग, गल्ली नं. समेत) | |
| | (हाल **बसोवास गरिरहेको**: जिल्ला, पालिका, वडा नं., टोल, घर नं., मार्ग, गल्ली नं. समेत) | |
| **सम्पर्क नं.** | (फोन नं., मोवाइल नं र इमेल ठेगाना) | |
| **जन्म मिति** | (विक्रम सम्वत्मा) | |
| | (ईस्वी सन्मा) | |
| **बुवा/आमाको नाम, थर** | (नेपालीमा) | |
| | (अंग्रेजीमा) | |
| **शैक्षिक योग्यता** | (विवरण प्रस्तुतकर्ताले हासिल गरेको शैक्षिक योग्यता) | |

| | | |
|---|---|---|
| नेपाली नागरिकताको प्रमाणपत्र नं., जारी मिति र जारी गर्ने कार्यालय | (नागरिकताको प्रमाणपत्र नं., जारी मिति र जारी गर्ने कार्यालयको नाम) | |
| अधिवक्ताको प्रमाणपत्र नं. र जारी मिति | (जारी मिति विक्रम सम्वतमा उल्लेख गर्ने।) | |
| अधिवक्ता भई कानून व्यवसाय शुरू गरेको मिति | (विक्रम सम्वतमा) | |
| कानून व्यवसाय गरेको अदालत | (सर्वोच्च अदालत/पुनरावेदन अदालत/ उच्च अदालत) | |
| विवरण प्रस्तुतकर्ता सदस्य रहेको बार एशोसियसनको इकाइको नाम र ठेगाना | (आफू आबद्ध रहेको नेपाल बार एशोसियसनको इकाइको नाम र ठेगाना उल्लेख गर्ने।) | |
| विवरण प्रस्तुतकर्ताले ५(पाँच) वर्षको व्यावसायिक कर तिरेको छुट्टाछुट्टै प्रमाण | (कानून व्यवसाय गर्दा आफ्नो वा आफ्नो ल फर्मको नामबाट विगत ५ वर्षको व्यावसायिक कर चुक्ता गरेको छुट्टाछुट्टै प्रमाण) | |
| विवरण प्रस्तुतकर्ताले अधिवक्ताको प्रमाणपत्र अद्यावधिक गराएको प्रमाण | (कानून व्यवसायी परिषदमा अधिवक्ताको प्रमाणपत्र अद्यावधिक गराएको प्रमाण) | |
| विवरण प्रस्तुतकर्ताले कुनै विश्वविद्यालयमा पूर्णकालीनरूपमा प्राध्यापन गरेको वा गरिरहेको भए वा निज कुनै निजी वा सार्वजनिक संस्था वा प्रतिष्ठानमा पूर्णकालीनरूपमा काम गरेको वा गरिरहेको भए | (विश्वविद्यालय तथा क्याम्पस वा संस्थाको नाम र ठेगाना) | |
| | (अध्यापन गरेको विषय वा गरेको कामको प्रकृति) | |
| | (कुन श्रेणी वा तहको अध्यापकको रूपमा वा पदमा काम गरेको हो, सो श्रेणी वा तह) | |
| | (अध्यापन वा काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सम्बन्धित संस्थाबाट कानून व्यवसाय गर्न (कानूनको विषयमा प्राध्यापनमा संलग्न भएको बाहेक) अनुमति लिएको छ वा छैन? अनुमति लिएको भए अनुमति प्रदान गर्ने अधिकारी वा निकाय र अनुमति प्राप्त मिति) | |

| | | |
|---|---|---|
| पूर्व न्यायाधीशको हकमा | (अदालतको तह) | |
| | (काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सेवा निवृत्त भएपश्चात् कानून व्यवसाय गरेको कम्तीमा ५(पाँच) वर्ष पूरा भएको छ वा छैन?) | |
| न्याय सेवाको पूर्व अधिकृतको हकमा | (काम गरेको पद र श्रेणी) | |
| | (काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सेवा निवृत्त भएपश्चात् कानून व्यवसाय गरेको कम्तीमा ५(पाँच) वर्ष पूरा भएको छ वा छैन?) | |
| न्यायाधीश, न्याय सेवाको अधिकृत, प्राध्यापन पेशा वा अन्य निजी वा सार्वजनिक प्रतिष्ठान तथा संस्थाबाट सेवा निवृतिको कारण | (उमेरको हद वा पदावधिको कारण अनिवार्य अवकाश, स्वेच्छिक राजिनामा वा विभागीय कारवाहीको सजायस्वरूप पदमुक्त भएको हो वा के हो? सो कुरा उल्लेख गर्ने।) | |
| न्यायाधीश, न्याय सेवाको अधिकृत, प्राध्यापन वा अन्य कुनै सार्वजनिक जवाफदेहीको पदमा रहँदा आचरण वा चरित्रसम्बन्धी आरोपमा सामान्य प्रकृतिको विभागीय सजाय भएकोमा सो सजायको प्रकृति र निर्णय मिति | (विभागीय कारवाहीको सजायस्वरूप नसिहत दिएको, सचेत गराएको वा केही अवधिको लागि तलब बृद्धि रोक्का भएको भए सोमध्ये के भएको र कहिले भएको हो? सो कुरा उल्लेख गर्ने। साथै सो सजाय दिने निर्णय भएको मितिले ५ (पाँच)) वर्ष पूरा भएको छ वा छैन ? उल्लेख गर्ने।) | |
| विवरण प्रस्तुतकर्ता उपर हाल कुनै अदालतमा सरकारवादी फौजदारी मुद्दा दर्ता भई विचाराधीन अवस्थामा रहेको छ वा छैन ? | (अदालतमा मुद्दा दायर भई विचाराधीन रहेको भए अदालतको नाम तथा मुद्दाको नाम, नम्बर र दायरी मिति उल्लेख गर्ने।) | |
| विवरण प्रस्तुतकर्ता कानून व्यवसायमा संलग्न रहँदा निजउपर व्यावसायीक आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेको कारणबाट कुनै कारवाही र सजाय भएको छ वा छैन ? भएको भए सजायको प्रकृति र निर्णय मिति | (सजाय पाएको भए सजायको प्रकृति र उक्त सजाय दिने निर्णय मिति उल्लेख गर्ने।) | |

| | | |
|---|---|---|
| अधिवक्ताको हैसियतले सर्वोच्च अदालत र पुनरावेदन तहको अदालतमा वहस पैरवी गरेको देखिने छुट्टाछुट्टै कम्तिमा ५० वटा फैसला (रिटको हकमा अन्तिम आदेश) | (फैसला सम्बन्धी अदालतगत विवरण संख्यात्मकरूपमा यस स्थानमा उल्लेख गर्ने। नेपाल कानून पत्रिकामा प्रकाशित फैसलाहरूको हकमा पक्ष विपक्षको नाम, मुद्दा, मुद्दा नं., निर्णय नं., निर्णय मिति, पृष्ठ सहितको विवरण पेश गर्नुपर्नेछ। ने.का.प. मा प्रकाशित नभएका फैसलाहरू र पुनरावेदन तहको अदालतको फैसलाहरूको हकमा पक्ष विपक्षको नाम, अदालत, मुद्दा नं., मुद्दा, निर्णय नं. र निर्णय मिति सहितको विवरण र फैसलाहरुको प्रष्ट बुझिने प्रतिलिपि पेश गर्नुपर्नेछ। एकै लगाउमा रहेका जतिसुकै मुद्दाहरूको फैसलाको गणना १(एक) मात्र हुनेछ।) | |
| विवरण प्रस्तुतकर्ताले शैक्षिक उपाधिका लागि बाहेक कानून र न्यायको क्षेत्रमा शोध वा अनुसन्धानात्मक कार्य गरेको, उपयोगी र स्तरीय कृति प्रकाशन गरी कानूनी साहित्यको विकासमा योगदान दिएको वा कानून र न्याय सम्बन्धी पुस्तक वा पत्रिका (Journal) प्रकाशनका लागि सम्पादनको कार्यमा संलग्न रहेको भए | (शोध वा अनुसन्धानात्मक कार्य गरेको, उपयोगी र स्तरीय कृति प्रकाशन गरेको वा सम्पादनको कार्यमा संलग्न रहेको सम्बन्धी विषय, प्रकाशन मिति, प्रकाशकको नाम र ठेगाना, उक्त कृति पाइने स्थान आदिको बारेमा प्रमाणसहित उल्लेख गर्ने।) | |
| विवरण प्रस्तुतकर्तासँग कानून तथा न्यायको क्षेत्रमा विषयगत विशेषज्ञता देखिने उच्चस्तरको शैक्षिक योग्यता, कानून र न्यायको क्षेत्रमा विकसित नवीनतम् आयाम वा अवधारणा लगायत खास विषयमा हासिल गरेको विशिष्टिकृत ज्ञान र अनुभव रहेको भए | (उक्त कुराको प्रमाणसहित उल्लेख गर्ने।) | |

| | | |
|---|---|---|
| **विवरण प्रस्तुतकर्ताको व्यावसायिक क्षमता र सक्रियता, व्यक्तित्व, नेतृत्व क्षमता, अदालत र समाजलाई सहयोग गर्ने भावना/तत्परता देखिने उल्लेखनीय कार्य केही भए** | (यस अन्तर्गत कानूनी सहायता वा प्रो-बोनो सेवा प्रदान गरेको वा सार्वजनिक सरोकारको महत्वपूर्ण विवादमा न्याय निरूपणका लागि गरेको योगदान, कानूनी शिक्षा र व्यावसायिक प्रशिक्षण प्रदान गर्ने कार्यमा देखाएको सक्रियता, मध्यस्थ र मेलमिलापकर्ताको रूपमा गरेको योगदान, कानून व्यवसायको संस्थागत विकास तथा व्यावसायिकताको प्रबर्द्धन गर्नमा पुऱ्याएको योगदान, कानून, न्याय र न्यायिक प्रकृयाको विषयमा सुधारका लागि निर्वाह गरेको भूमिका, मेलमिलाप पद्धति, बाल न्याय, निजी अन्तर्राष्ट्रिय कानून, बौद्धिक सम्पत्ति, मानव अधिकार, वातावरण संरक्षणजस्ता विष्यमा योगदान गरेको भए प्रमाणसहित उल्लेख गर्ने।) | |

**मैले माथि उल्लिखित विवरणसँग सम्बन्धित प्रमाण कागजात यसै विवरण फारामसाथ संलग्न गरेको छु। माथि उल्लिखित सम्पूर्ण विवरण सत्य हुन्। झुट्ठा ठहरे कानूनबमोजिम भएमा मेरो मञ्जुरी छ।**

**विवरण प्रस्तुतकर्ताः**

**नाम, थरः**

**दस्तखतः**

**मितिः ... ... ... ...**

---

**सर्वोच्च अदालत वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समितिको सचिवालय, काठमाण्डौंबाटः**

१. विवरण फाराममा उल्लेख गरिएबमोजिमको प्रमाण कागजहरू संलग्न रहे नरहेकोः

२. पेश गरिएका फैसलाहरूसम्बन्धी सम्पूर्ण विवरण उल्लेख रहे नरहेकोः

३. पेश गरिएका फैसलाहरू कुन कुन निकायका रहेकाः-

(क) सर्वोच्च अदालतको फैसलाको संख्याः

(ख) पुनरावेदन तहको अदालतको फैसलाको संख्याः

४. आवेदन फाराम दर्ता नं.-

५. दर्ता मितिः